नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
हरिहरभवन, ललितपुर
फोन नं ०१-५५२१०७६, इमेल: doa.agri2014@gmail.com

## सोलार ग्रीड हाइब्रिड सिस्टमको मर्मत संभार तथा जडान सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हान

दरभाउपत्र सुचना नं.: DOA/WORKS/SQ/2077/78-01

दोस्रो पटक सूचना प्रकासन भएको मिति: २०७७/१०/२०

१। यस विभागको लागि आ.व. २०७७/२०७८ मा सोलार ग्रीड हाइब्रिड सिस्टमको मर्मत संभार तथा जडान कार्य सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म वा कम्पनीहरुलाई यो सूचना जारी गरिएको छ। इच्छुक फर्म वा कम्पनीहरुले यस विभागमा सम्पर्क गरी वा माथी उल्लेखित फोन वा ईमेल मार्फत दरभाउपत्र सम्वन्धी आवश्यक जानकारी लिन सकिने छ। यस जडान कार्यको जम्मा लागत अनुमान मूल्य अभिवृद्धि कर सहित ५,९४,४८५/- रहेको छ ।

२। इच्छुक फर्म वा कम्पनीहरुले यस विभागको राजस्व खातामा (खाता नं.: ००१०१०००००००१००१००१, नेपाल बैंक लिमिटेड, गाबहाल, ललितपुर, कार्यालयको नाम: कृषि विभाग, राजस्व शीर्षक: १४२२९, कार्यालय कोड: ३१२०१३४०१) रु १००० दस्तुर जम्मा गरी उक्त भौचर यस विभागमा पेश गरी सिलबन्दी दरभाउपत्र फारम सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०७७/११/०४) खरिद गर्न सकिने छ। साथै दरभाउपत्र फाराम खरिदको लागि चालु आ.व.को लागि नवीकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र आ.व. २०७६/२०७७ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि यस विभागमा पेश गर्नु पर्नेछ।

३। दरभाउपत्रको सूचना प्रकाशित भएको मितिले १६ औं दिन (२०७७/११/०५) मध्यान्ह १२:०० बजे भित्र यस विभागको प्रशासन शाखामा अनिवार्य दर्ता गराइसक्नु पर्नेछ। सोहि दिन दिनको १:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा यस विभागमा खोलिनेछ। तर दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन। रित नपुगेको र म्याद नाघी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन।

४। दरभाउपत्रको म्याद दरभाउपत्र खोलेको मितिले ४५ दिनको हुनेछ। दरभाउपत्रका साथ रु.१७०००।०० नेपाल बैंक लिमिटेड, गाबहाल, ललितपुरमा गई धरौटी खाता नं ०१८०१०००००२००३००००००१, कार्यालय कोड ३१२०१३४०१, कृषि विभागको नाममा जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकबाट यस विभागको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुने गरि कम्तिमा ७५ दिन (२०७८/०१/१९ सम्म) म्याद भएको बैंक ग्यारेण्टीको सक्कलै प्रति संलग्न गरी पेश गर्नुपर्नेछ।

५। दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम दिन, दरभाउपत्र दर्ता गराउने दिन तथा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यस पछिको कार्यालय खुल्ने दिनलाई अन्तिम दिन मानिनेछ ।

६। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहनेछ ।

७। दरभाउपत्र सम्बन्धी अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ।

डा. गोविन्द प्रसाद शर्मा
महानिर्देशक